दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- २०४

मिति :- २०७५/५/५

विषय- शिलबन्दी दरभाउपत्र आवहान सम्बन्धमा ।

उपर्युक्त बिषयमा दक्षिणकाली नगरपालिका ३ नं वडा पावर हाउस, पिकनिक स्पोट पार्किङ र सरसफाइ शुल्क सम्बन्धी, आ. ब २०७५/०७६ को सम्झौता भएको मिति देखी लागु हुने गरी २०७६ साल असार मसान्त सम्मका लागी ईच्छुक व्यक्ति, फर्महरुलाई यो १५ दिने स्थानिय सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१) दरभाउपत्र शिलबन्दी हुनु पर्दछ र बाहिर नाम ,ठेगाना स्पष्ट लेखी (लाह, छाप गरी) दाखिला गर्नु पर्नेछ ।

२) कार्यालयबाट रु १०००/- फिर्ता नहुने गरी निवेदन सहित सम्बन्धित व्यक्ति, फर्म वा निजको मन्जुरीनामा प्राप्त व्यक्ति, फर्मको नाममा फाराम खरिद गरी सोही व्यक्ति, फर्मको नाममा फाराम भरी दाखिला गर्नु पर्नेछ ।

३) दरभाउपत्र दाताले तपसिलमा उल्लेख गरेका न्यूनतम ठेक्का अंक भन्दा कम उल्लेख गरेमा मान्यता दिईने छैन ।

काम :

सि नं	पार्किङ र सरसफाइ शुल्क सम्बन्धी	न्यूनतम ठेक्का अंक (मू.अ.कर बाहेक)	अक्षेरुपी	वडा नं	कैफियत
१	पावर हाउस, पिकनिक स्पोट	२,००,०००।	(दुई लाख रुपैया मात्र)	३	

४) कबोल अंक यस नगरपालिकाको रा.बाणिज्य बैक फर्पिङ्ग शाखाको धरौटी खाता नं १७००३०३००७१०४ मा कबोल गरेको बार्षिक रकमको ५ प्रतिशत जम्मा गरी सोको सक्कल भौचर अनिवार्य दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । कबोल रकमको बैक भौचर दाखिला नगरी नगद (रकम) संलग्न गरेमा सो दरभाउपत्र रद्द गरिनेछ ।

५) कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्दछ । कवोल रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६) दरभाउपत्र दक्षिणकाली नगरपालिकाको कार्यालय र ३ नं वडा कार्यालयमा बिहान १०.०० बजे देखी बेलुका ५.०० वजे सम्म र शुक्रबारका दिन ३.०० बजे सम्म खरिद गर्न सकिनेछ र उक्त दरभाउ पत्र सम्बन्धित वडा कार्यालयमा नै दर्ता गर्नुपर्नेछ ।

O/C

फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +५७७ १ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

७) सार्बजनिक बिदा वा कुनै आकस्मिक विदाका दिन शिलबन्दी बोलपत्र फाराम बिकी बितरण र दाखिला गरिने छैन ।

८) रित पूर्वक नभएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन् ।

९) दरभाउपत्र खोलिने कार्य दक्षिणकाली नगरपालिकाको कार्यालयमा मात्र हुनेछ ।

१०) शिलबन्दी दरभाउपत्र खोल्ने समयमा दरभाउपत्र दाता वा निजको मन्जुरीनामा प्राप्त व्यक्ति मात्र उपस्थित हुनु पर्नेछ ।

११) यो सुचना प्रकाशित भएको मितिले १५ दिन सम्ममा दरभाउपत्र खरिद गर्न सकिनेछ र १६ औं दिनमा दिनको १२.०० बजे भित्र दाखिला गर्नु पर्नेछ र सोही दिन दिनको २.०० (दुई) बजे कार्यालयका कर्मचारी र दरभाउपत्र दाताहरु वा निजको मन्जुरीनामा प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रतिनिधिहरुको अनुपस्थितिमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१२) शिलबन्दी दरभाउपत्र खोल्ने दिन कारणबश सार्बजनिक बिदा परेमा त्यसको भोली पल्ट सोही मिति र समयमा खोलिनेछ ।

१३) पर्न आएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने तथा रद्द गर्ने सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिकाको कार्यालयमा निहित हुनेछ र सो बाहेक अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१४) कार्यालयको छाप नभएको शिलबन्दी दरभाउपत्र पेश गरेमा वा कार्यालयबाट बितरण गरिएको शिलबन्दी दरभाउपत्रको फोटोकपी गरी बुझाएमा मान्यता पाउने छैन ।

१५) म्याद नाघी आएको शिलबन्दी दरभाउपत्र माथी कुनै कार्यबाही हुने छैन् र उक्त फाराम दर्ता गरिने छैन् ।

१६) पार्किङ र सरसफाइ शुल्क सम्बन्धी दरभाउ फाराममा उल्लेख गरिनेछ ।

१७) माथी जे जस्तो कुरा उल्लेख भएतापनि कुनै शव्द वा वाक्यले दोहरो अर्थ लागेमा दक्षिणकाली नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

ललित कुमार थापा
शाखा अधिकृत